## सियारी गाउँपालिकाको तर्फबाट प्रथम गाउँसभामा गाउँसभाका उपाध्यक्ष तथा वजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री अमृता गुरुङ्ग जयूबाट प्रस्तुत गरिएको आ.व.२०७४/७५ को प्रस्तावित वजेट नीति तथा कार्यक्रम

श्रद्धेय अध्यक्ष ज्यू, सदस्यहरु, कार्यकारी अधिकृत ज्यू लगायत उपस्थित सहकार्य सम्पूर्णलाई सियारी गाउँपालिकाको प्रथम गाउँसभामा प्रथम वजेट नीति योजना तथा कार्यक्रम प्रस्तुत समारोहमा गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु। साथै ऐतिहासिक यो अवसर जनमत मार्फत मलाई प्राप्त भएकोमा म आफूलाई असाध्यै भाग्यमानी ठानेको व्यहोरा समेत सभा समक्ष अनुरोध गर्दछु।

श्रद्धेय अध्यक्ष एवं सदस्य ज्यूहरु,

१. भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टीले अत्यन्त प्रवल संभावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामू केहि चुनौतिहरु पनि छन्। विकासको क्रममा पछाडि परेका वर्ग तथा समूदायलाई मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरि आर्थिक गतिविधिहरुको माध्यमद्धारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायिक र आधुनिकिकरण गर्ने सुशासन प्रवर्द्धन गरि सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्र सम्म पु¥याउने, वन जंगलको संरक्षण गर्ने, वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वधारको विकासमा लगानि वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरि अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुद्धढिकरण गर्ने तथा संविधानको अनुसूचि–८ मा भए बमोजिमका कानुन निर्माण तथा कार्यन्वयन गरि आत्मनिर्भर उन्मुख हुनु पर्ने समग्र चुनौतिहरु हाम्रो सामु रहेका छन्।

२. स्थानीय तहको विकासको माध्यमद्धारा अपेक्षित उद्देश्यहरु हाँसिल गर्न जननिर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए बमोजिम नेपलको संविधान २०७२ ले स्थानीय सरकारको परिकल्पना गरे अनुसार २०७४ आषाढ १४ गते आम निर्वाचन सम्पन्न भई यस गाउँपालिकाको नेतृत्व सम्हालेका छौ। गाउँपालिकाको विकास तथा स्थानीय तहको संचालनमा यस अगाडि राजनिति दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायबाट प्राप्त गरेको रचनात्मक एवं सृजनात्मक सहयोगका लागि म सवै प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै अगामि दिनमा समेत हामी जनप्रतिनिधिलाई यस्तै सहयोगको निरन्तरताको अपेक्षा गर्दछु। साथै हामी जननिर्वाचित सवै सदस्यहर फुटेर होइन जुटेर वहुमतिय हैन सहमतिय अभ्यासबाट एक भई अगाडि बढ्ने छौ भन्ने प्रण गर्दछु।

श्रद्धेय अध्यक्ष एवं सदस्यज्यूहरु :

अव म गाउँपालिकाको आ.व. २०७४/०७५ को समग्र क्षेत्रगत प्रस्तावित नीति, कार्यक्रम र वजेटको सार संक्षेप प्रस्तुतिका लागि अनुमति माग्दछु।

**३. गत आ.व. २०७३/७४ को आषाढ मसान्त सम्मको यथार्थ तथा संसोधितआय व्याय विवरण :**

गत आ. व. २०७३/७४ को आषाढ मसान्त सम्मको कूल यथार्थ आम्दानी ७ करोड ११ लाख ३५ हजार ७ सय ९६ पैसा ६६ मध्य चालु खर्च ६७ लाख ४० हजार २ सय ३४ (समाजिक सुरक्षा वाहेक) र सामजिक सुरक्षा तर्फ रु. ३ करोड ८६ लाख ९८ हजार रहेको छ। र पूँजिगत तथा कार्यक्रम खर्च रु.४ करोड १० लाख ३० हजार ३ सय १३ रहेको छ।

**४. आ.व.०७४/०७५ को प्रस्तावित आय व्याय  अनुमान :**

यस आ.व. मा केन्द्रिय अनुदानबाट रु.२६ करोड ८६ लाख ८१ हजार र आन्तरिक श्रोत एवं राजस्व बाँडफाँडबाट २ करोड १९ हजार ७ सय ५० पैसा ३४ साविक वडाको बाँकी रहने रकम गाउँपालिकाको बाँकी रहने रु. २ करोड ३३ लाख ६५ हजार २ सय ४९ पैसा ६६ गरि कूल रु. ३१ करोड २० लाख ६६ हजार हुने अनुमान गरिएको छ र खर्च तर्फ कार्यक्रम तथा पूजिगतमा रु. १७ करोड ९५ लाख ६६ हजार र चालु तथा प्रशासनिकमा १३ करोड २५ लाख गरि जम्मा रु. ३१ करोड २० लाख ६६ हजार नै खर्च हुने अनुमान रहेको छ । त्यस्तै गरि वित्तिय सामानीकरण र आन्तरीक आय गरी कूल रु. ३१ करोड २० लाख ६६ हजार मध्ये चालु तर्फ रु. १३ करोड २५ लाख हजार ४२.४५% र पूँजिगत तर्फ १७ करोड ९५ लाख ६६ हजार ५७.५५% विनियोजन गरिन गएको छ ।

**५. गत आ.व.को आषाढ महिना सम्मको मुख्य उपलब्धीहरु :**

गत वर्षको गाउँपरिषदको निर्णयानुसार हाल वडा कार्यालयको ८०% काम सम्पन्न भएको छ भने गाउँपालिकाको स्थापना पश्चात २ कोठे क्यान्टिन, कार्यालय भवनमा फर्निचर व्यवस्थापन, मेशिनरी औजारको व्यवस्थापन सूचना प्रविधि जडान, वडा कार्यालयमा फर्निचर लगायत व्यवस्थापनका कार्यहरु सम्पन्न भएका छन् ।

श्रद्धेय अध्यक्ष एवं सदस्य ज्यूहरु :

६. अव म गाउँपालिकाको एकिकृत विकासका लागि आ.व.२०७४/७५ को वजेटको दीर्घकालिन सोच, प्राथमिकताका क्षेत्रहरु, योजना तर्जुमाका आधारहरु तथा आ.व.२०७४/०७५ को समग्र नीति तथा कार्यक्रमहरु विषयगत रुपमा सार संक्षेपित प्रस्तुतिका लागि अनुमति चाहन्छु ।

**गाउँपालिकाको दीर्घकालिन सोच :**

- विकासका सवै पूर्वाधारहरु खडा गरि समृद्ध आधुनिक सुन्दर (smart) गाउँपालिका निर्माण गर्दै अन्तत सुशासन, गरीवी निवारण र रोजगारीको सुनिश्चिततामा योगदान पुऱ्याउने ।

**उद्धेश्य :**

गाउँपालिकामा रहेको विद्यमान वेरोजगार, वहुआयामिक गरीवी र असमानता घटाई सामाजिक आर्थिक रुपान्तरण गर्ने ।

यस आ.व. २०७४/७५ को लागि तय भएका प्राथमिकताका क्षेत्रहरु :

- भौतिक पूर्वाधारहरुको स्तर उन्नती एवं निर्माण कार्यमा जोड
- कृषि, पशु, वन, वातावरण र पर्यटनको प्रवर्द्धन र विकासमा जोड
- स्वच्छ पारदर्शि र जनमैत्री सार्वजनिक सेवामा जोड
- मानविय विकास, शिक्षा, स्वास्थ्य र सरसफाईमा जोड
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा जोड
- लैंगिक समानता, सामाजिक समावेशीकरणमा जोड
- राजस्व परिचालनमा योगदान पुऱ्याउनु
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा जोड
- आर्थिक, सामाजिक एवं शासकीय सुधारमा जोड
- आर्थिक विकास र गरिवी निवारणमा जोड

**योजना तर्जुमाका आधारहरु :**

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधानको भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतिकरणको प्रतिवेदन,
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएको नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु,
- स्थानीय तहका आवधिक योजनाहरु, क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थान, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- स्थानीय तहको मध्यकालिन खर्च संरचना (MTEF) अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

श्रद्धेय अध्यक्ष एवं सदस्य ज्यूहरु :

७. आ.व. २०७४/७५ को लागि सियारी गाउँपालिकाको समग्र विकास नीतिहरु यस प्रकार हुनेछन् ।

**तपशिल :**

**१. आर्थिक विकास समिति**

**कृषि विकास सम्बन्धि**

- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि विकसित प्रविधिहरुको प्रचार प्रसार र प्राविधिक सेवा टेवा सर्वसुलभ रुपमा प्रदान गर्न गाउँपालिकाका सवै सेवा केन्द्र स्तरमा विभिन्न व्यवसायीक विषयमा तालिम संचालन गरि कृषकहरुलाई सक्षम गराईने छ ।
- कृषिमा व्यवसायीकरण, यान्त्रिकरण, उत्पादित वस्तुको वजारीकरण र सामाजिक सम्मानको वातावरण सृजना गरिने छ ।
- कृषक समुह, सहकारी, सरकारी तथा गैरसरकारी संस्था तथा स्थानीय तहहरुको साझेदारीमा कृषि कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्बन गरिने छ ।
- युवाहरुलाई कृषिमा आकर्षण गराउन यूवा लक्षीत कृषि कार्याक्रम संचालन गरिने छ ।
- पकेट क्षेत्रको रुपमा कम्तिमा एक वडा तथा वस्ती एक आयोजना/कार्यक्रम संचालनमा जोड दिईने छ ।
- दिगो कृषि विकास, जैविक विविधता, प्राकृतिक स्रोत तथा वातावरण संक्षण बिच सन्तुलन कायम राख्ने नीति लिईने छ ।
- कृषि प्रसार सेवालाई प्रभावकारी बनाउन कृषि सेवा केन्द्र र सम्पर्क केन्द्रहरुलाई सुदृढीकरण र व्यवस्थित गरि प्राविधिकहरु र ग्रामिण कृषि कार्यकर्तालाई पनि परिचालन गरिने छ ।

- रासायनिक मलको आयात प्रतिस्थापनार्थ भकारो सुधार कार्यक्रम संचालनमा विषेश जोड दिईने छ ।
- साना सिंचाई कार्यक्रम संचालन गरिने छ ।

**पशु सेवा प्रसार कार्यक्रम :**

- पशुजन्य उत्पादनको लागत मूल्य घटाउनुको साथै स्वस्थ्य पशुपालन प्रणालिको विकास गर्न घांस विकास कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ ।
- पशु उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउन नश्ल सुधार कार्यक्रम उच्च प्राथमिकताको साथ संचालन गरिनेछ ।
- व्यवसायीक पशुपालन मार्फत रोजगार सृजना गरि युवाहरुलाई गाउँभित्रै स्वरोजगार बनाउनको लागि प्रतिस्पर्धि अनुदान उपलब्ध गराई युवा लक्षित पशुपालन कार्यक्रम संचालन गरिनेछ ।
- कृषकहरुमा सिप हस्तान्तरणद्धारा आधुनिक पशुपालनपद्धतिको विकास गर्दै लैजाने कार्यमा जोड दिईने छ ।
- पशुपालन क्षेत्रको विकासमा कृषक समूह/समिति/सहकारी/गैर सरकारी संस्था र गाउँपालिका विच साझेदारी गरिनेछ ।
- दलित, जनजाति,महिला तथा विपन्न वर्गमा विशेष प्राथमिकताको साथ कार्यक्रम लैजाने ।
- गाउँपालिकालाई दुग्ध तथा दुग्धजन्य पदार्थमा आत्म निर्भर बनाउँदै लैजाने डेरि पकेट कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गर्ने ।
- पशुपन्क्षी पालनमा जोडदिई मासु आयात रोकी निर्यातमा अगाडि बढ्ने ।

**घरेलु तथा साना उद्योग तर्फ :**

- स्थनीय सीप, श्रोत, साधन एवं प्रविधिको प्रयोगलाई बढवा दिई व्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम संचालन गरिनेछ ।
- लघु घरेलु तथा साना उद्यमीलाई मझौला तथा ठूला उद्योगहरुको सहयोगी उद्यमका रुपमा विकास गर्न सहजिकरण गरिनेछ ।

**पर्यटन तर्फ :**

- गाउँपालिका भित्र रहेका ऐतिहासिक एवं सांस्कृतिक महत्वका धरोहरहरुको खोजी पहिचान एवं संरक्षण र संवर्द्धन गर्ने तर्फ जोड दिईनेछ ।

यस आर्थिक विकास समितिसँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न चालु आ.व.२०७४/०७५ मा रु. ..९३...लाख....५८...हजार वजेट प्रस्ताव गरिएको छ ।

**२. सामाजिक विकास समिति :**

**शिक्षा सम्बन्धि :**

- विद्यालय व्यवस्थापनका समग्र पक्षमा सुधार ल्याई बालमैत्री पक्षमा जोड दिईने छ ।
- सार्वजनिक तथा सामुदायिक विद्यालयको मर्मत सुधार, भौतिक विकास सम्बन्धी कार्यक्रममा सहयोग पुऱ्याईने छ ।
- यसका लागि पूर्वाधार निर्माण एवं सुधार, शिक्षक, परिक्षा प्रणलीमा सुधार लगायत सचेतना अभिवृद्धि लगायतका कार्यक्रम कार्यान्वयनमा ल्याईने छ ।
- बालविकास केन्द्रको सुधार गर्नुको साथै तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिने छ ।
- बालअधिकारको सुनिश्चितताका लागि विद्यालयमा बालक्लव गठन र परिचालन गर्न गैरसरकारी संस्थासँग सहकार्य गरिने छ । जसवाट बालबालिकाहरुको शिक्षामा पँहुच वढ्नुका साथै पढाईमा निरन्तरता गर्नमा मद्धत पुग्ने छ ।

- विद्यालय भौतिक निर्माण सुधार, शिक्षक तालिम र समुदाय सचेतना कार्यक्रमको माध्यमवाट विद्यालय वातावरणमा सुधार ल्याइ सामुदायिक सहभागिता र वातावरण संरक्षणमा सहयोग पुऱ्याईने छ ।
- स्रोत  केन्द्र स्तरीय मुल्यांकन र प्रतिस्पर्धाको माध्यमवाट प्रोत्साहन गर्ने निति अवलम्बन गरिने छ ।
- क्रमागत रुपमा अंग्रेजी माध्यमलाई अनिवार्य गर्दै लगिने छ ।
- कम्प्युटर शिक्षा र अनलाईन माध्यमको विकास गरिने छ ।
- मातृभाषामा शिक्षा दिने गरि अवश्यक व्यवस्था मिलाईने छ ।
- गाउँपालिका भित्रमा व्यवसायिक प्राविधिक उच्च शिक्षालय स्थापनामा जोड दिईने छ ।
- सरकारी सेवामा महिला र दलित, जनजाति  तथा अन्य लक्षित वर्गहरुको सहभागिता अभिवृद्धिका लागी लोकसेवा परीक्षा तयारी कक्षा सञ्चालन गरिनेछ ।

**स्वास्थ्य सम्बन्धी :**

- प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवा गुणस्तरीय रुपमा निशुल्क प्रदान गरिने छ ।
- निशुल्क स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यन्वयन तथा स्वास्थ्य कर्मीहरुको सेवालाई नियमित र पहुँचयोग्य तुल्याईनेछ ।
- प्रतिरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक,पुनर्थात्मक स्वास्थ्य सेवामा प्राथमिकता दिईनेछ ।
- सरुवा रोगहरु तथा एच.आई.भी. एड्स नियन्त्रण, रोकथाम गर्ने कार्यालयलाई अगाडि वढाइने छ ।
- आयुर्वेदिक सेवालाई विस्तार गर्दै जडिबुडि उत्पादनमा प्रोत्साहन गरिने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकालाई थप प्रोत्साहन गरिने छ ।
- नीजि अस्पताल, नर्सिङ्ग होम, पोली क्लिनिक र औषधी पसलहरु वडा वडा र गाउँगाउँमा खोल्न समन्वय सहजीकरण र आव्ह्वान गरिने छ ।
- स्वास्थ्य सेवामा नपुग जनशक्ति आपूर्तिमा जोड दिईने छ ।
- सवै स्वास्थ्य चौकीमा क्रमशः Birthing center स्थापनाको व्यवस्था गर्दै लगिने छ ।

**महिला तथा बालबालिका सम्बन्धी :**

- अधिकारमा आधारित विकास पद्धतिलाई आत्मसाथ गर्दै ७ वटै वडाका महिलाहरुलाई नेतृत्व एवं क्षमता विकासका तथा आर्थिक विकासका लागि सिपमूलक तालिम दिईने छ ।
- महिला शशक्तिकरणमा जोड दिई आगामी ५ वर्ष भित्र महिला हिंसा शुन्य गाउँपालिका बनाउने निति अवलम्वन गरिनेछ ।
- दाईजो प्रथा एवं बाल विवाहलाई निरुत्साहित गर्ने नीति लिईने छ ।
- गाउँपालिका केन्द्रवाट महिलालाई कानुनी सचेतना संविधान लगाएतका विषयमा तालिम प्रदान गरिने छ ।
- १६ दिने महिला हिंसा दिवस, नारी दिवस, नेपाली संस्कृति जोगाउन हरितालिका तिज जस्ता कार्यक्रम संचालन गरि महिला शशक्तिकरणमा जोड दिईने छ ।

अपाङ्गता तथा अन्य तर्फ :

- अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण एवं सेवा प्राप्तिमा सहज पहुँचका लागि गाउँपालिकाका तथा वडाका सार्वजनिक, सरकारी  कार्यालयहरुलाई क्रमशः अपाङ्गमैत्री बनाउदैं लगिनेछ ।
- सवै भाषाभाषीलाई उच्च सम्मान गर्दै यस गाउँपालिकामा वसोवास गर्ने बहुसंख्या थारु सम्प्रदाय रहेको अवस्थालाई मध्यनजर गरि थारु भाषीको सेवाग्रहिको लागि व्यवस्था थालनी गरिन्छ ।
- जनजाति,दलित, द्वन्द पिडित, शहिद परिवार, आर्थिक सामाजिक रुपले पछाडिपरेको वर्ग तथा समुदायको हितको लागि लक्षित कार्यक्रम लगायत सीपमूलक र रोजगारीमूलक कार्यक्रम तर्जुमामा जोड दिईने छ ।
- अपाङ्ग लक्षित कार्यक्रम प्रत्येक वडा तथा गाउँपालिकाबाट संचालन गरिने छ ।

**खानेपानी तर्फ :**

- खानेपानीका पुराना आयोजनाहरुको मर्मत पुर्नस्थापना एवं नयाँ आयोजनाहरुको कार्यन्वयन गर्दा गाउँपालिकाको नीतिलाई अवलम्बन गरिनेछ ।
- खानेपानी आयोजनाहरुको दिगोपनको लागि सम्बन्धित उपभोक्ताहरुलाई मर्मत संभार तालिम प्रदान गरिनेछ ।
- स्वच्छ खाने पानीको सुविधा नपुगेका स्थानहरुमा उक्त सुविधा तथा निर्माण वितरण गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

यस सामाजिक विकास समितिसँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने यस चालु आ.व.मा रु...१२.... करोड..७...लाख....४०...हजार वजेट प्रस्ताव गरिएको छ ।

**३. वातावरण तथा विपद् व्यवस्थापन :**

- गाउँपालिका क्षेत्रमा लोप हुदैं गएका तथा पशुजन्य घाँसहरु डालेघाँस प्रजातिहरुको विरुवा उत्पादन र नीजि तथा सामुदायिक वनमा खाली तथा वाँझो जग्गामा व्यापाक वृक्षारोपणकार्यलाई जोड दिई वन तथा पशुजन्य उत्पादन तथा उत्पादकत्व वढाउने कार्यलाई प्राथमिकता दिईनेछ ।
- वन तथा वातावरण सम्बन्धी कार्यक्रमहरु संचालन गर्दा जैविक विविधता संरक्षरण, जलवायु परिवर्तन अनुकूलन तथा गरिव तथा विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पुऱ्याउने कार्यक्रमहरुलाई विषेश प्राथमिकता दिईने छ ।
- सार्वजनिक जग्गाको लगत तयार गर्ने तथा उचित व्यवस्थापनको लागि समग्र भु उपयोग नीति तर्जुमा गरिने छ । यसको लागि प्रारम्भिक चरणमा वडा अध्यक्ष मार्फत तथ्यांक संकलन कार्य गरिने छ ।
- विपद् व्यवस्थापन कोष स्थापना गरि आवश्यक वजेट विनियोजन गरिनेछ । साथै सो कोषको रकम दैविक प्रकोप तथा विपद् व्यवस्थापन, उद्धारमा न्योचित तरिकाले खर्च गरिने छ ।
- फोहार मैला व्यवस्थापनको लागि प्रत्येक वडा टोल टोलमा टोल विकास समिति गठन गरि पुर्ण सरसफाई अभियानको थालनि गरिने छ । साथै नयाँ डम्पिङ्ग साईड निर्माणको लागि जग्गा खोजि कार्यमा जोड दिईने छ ।
- वातावरण मैत्री गाउँपालिका वनाउनको लागि वातावरणमैत्री स्थानीय शासन २०७० को सुचक अनुसार कार्यक्रम तय गरिने छ ।
- वातावरण तथा विपद व्यवस्थापनको लागि स्थानीय जनशक्ति तयार पारिने छ ।
- नदी नियन्त्रण तथा श्रोत संरक्षणका लागी आवश्यकता अनुसार तटवन्ध एवं वातावरण संरक्षणका लागी आवश्यक कार्यक्रम संचालन गर्दै लगिनेछ ।

यस वातावरण तथा विपत व्यबस्थापन समितिसँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न यस चालु आ.व.मा रु.. .... करोड..२७...लाख....५०...हजार वजेट प्रस्ताव गरिएको छ ।

**४. पूर्वाधार विकास समिति :**

**सडक तर्फ :**

- गाउँपालिका क्षेत्रका कमजोर सडकहरुको नियमित मर्मत, आवधिक मर्मत र स्तरोन्नती गरिने छ ।
- गाउँपालिकाका सवै वडा गाउँपालिका केन्द्रसँग सडक संजालमा जोडिने गरि आवश्यक कार्य गरिनेछ ।
- वडा केन्द्र जोड्ने सडकहरुमा वर्षै भरि निर्वाधरुपमा यातायात संचालन गर्ने गरि जनशक्ति तथा उपकरण परिचालन गरिने छ ।

- साघुँरा सडकलाई खुल्ला र फाराकिलो वनाई दीर्घकालीन सडक सरलिकरण गराउन सडकको मापदण्ड वनाई सोही बमोजिम निर्माण कार्य अगाडी वढाईनेछ ।
- मुख्य ६ वटा सडकलाई वढी रकम विनियोजित गरि वृहत वहुवर्षिय योजनाको रुपमा आगाडि वढाईने छ ।
- गाउँपालिका भित्र रहेका अव्यवस्थित सम्पूर्ण किसिमका जग्गाहरुको यथार्थ अभिलेख खडागरि सार्वजनिक जग्गाको संरक्षण गर्ने अविछिन्न रुपमा हक भोग गर्दै आएका अव्यवस्थित वसोवासी एवं भूमिहिनहरुको वर्तमान अवस्थाको तथ्यांक, भोगचलन गरेको घरटहरा, झाप्रा, पविार संख्या व्यवस्थि तगर्ने कार्यलाई अगाडि वढाउने किसिमका कार्यक्रहरुलाई जोड दिईनेछ ।

विधुत तथा उर्जा तर्फ :

- गाउँपालिकालाई लोडसेडिङबाट मूक्त गराउने प्रयास स्वरुप जनतासँगको सहलगानीमा solar panel जोड्ने जस्ता क्रियाकलापमा जोड दिईनेछ ।

सिंचाई तर्फ :

- साना सिंचाई आयोजनाहरुलाई कार्यन्वयन गर्दै सिंचाई प्रणालीको मर्मत संभार नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको कार्यन्वयनमा जोड दिईने छ साथै मझौला र ठुला सिंचाई योजनाका हकमा सिंचाई डिभिजन कार्यालय र केन्द्रमा अनुरोध गरिनेछ ।
- सिंचाई सुविधा पुगेका खेती योग्य जमिन बाँझो राख्नेलाई अभिलेख तयार गरि जरिवाना गर्ने निति कडाईका साथ लागु गरिने छ ।
- Rain water harwesting, (पोखरी सिंचाई) जस्ता कार्यलाई अगाडि वढाईनेछ ।
- कृषि विकासका लागी सिचांई सुविधा अभिवृद्धि गर्ने कार्य संचालन गरिनेछ ।

संरचना/ पुर्वाधार निर्माण तर्फ :

- गाउपालिकाको २ वटै वडा कार्यालय र गाउँपालिका केन्द्रको भवन निर्माण गर्नको लागि तोकिएको बमोजिम जग्गा प्राप्ती गर्ने र भवन निर्माण कार्यलाई यथाशिघ्र अगाडि बढाईने छ ।
- भुकम्प प्रतिरोधात्मक घर निर्माण कार्य सार्वजनिक तथा निजि क्षेत्रमा कडाईका साथ मापदण्ड तयार गरि लागु गरिने छ ।
- निजि तथा सार्वजनिक भवन निर्माण गर्दा नेपाल सरकारद्धारा जारी भवन निर्माण मापदण्डहरु, राष्ट्रिय भवन संहिता र वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२ ले निर्देशन गरे अनुसार नक्सा पास गर्ने र भूकम्प प्रतिरोधात्मक भवन निर्माण कार्य गर्ने कार्यलाई जोड दिईनेछ ।
- गाउँपालिकाको वहुद्धेश्यिय सहितको आफ्नै कार्यालयको भवन निर्माण, महत्वपूर्ण सडक निर्माण, पुल निर्माण, ठूला वृहत आयोजनाको हकमा वहुवर्षिय योजना पद्धति अवलम्बन गरिनेछ । साथै स्थानीयको लगानीलाई समेत सुनिश्चित गरिने छ ।

पत्रकारिता विकास तर्फ :

- रेडियो, पत्रपत्रिका, टेलिभिजन मार्फत गायउँपालिकाका सवै सुचना प्रसारण गरिने छ ।
- रेडियो, टेलिभिजनमा अन्तर संवाद, अन्तरक्रियाको सुचना, जानकारीमुलक कार्यक्रम संचालनमा जोड दिईने छ ।

- पत्रकारिता संचार जगतसँग विकास र सुशासनमा सहकार्य गरिने छ।
- ई-पत्रकारिता सामाजिक संजाल(facebook) तथा आफ्नै Wabsite सुचनाको प्रवाह गरिने छ।

यस पूर्वाधार विकास समितिसँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न चालु आ.व. मा रु. ...९.... करोड ..२९...लाख...५०....हजार वजेट प्रस्ताव गरिएको छ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह :**

- कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्न कार्यकारी अधिकृत र सवै कर्मचारीहरु विच कार्य सम्पादन करारको सम्झौता गरि सेवा प्रवाहलाई थप जनमुखि एवं नतिजामूलक बनाईनेछ।
- गाउँपालिका कार्यालयले धाम्न सक्ने र नभई नहुने जनशक्तिको हकमा मात्र ऐन कानुनको परिधि भित्र रहि दरवन्दी गर्ने कार्यलाई अगाडि वढाईने छ।
- सियारी गाउँपालिका केन्द्र तथा सवै वडा कार्यालयमा नागरिक वडा पत्र कायम गरि सेवाग्राहि प्रति उत्तरदायि बनाईने छ।
- सवै वडा कार्यालय सूचना मैत्री बनाई अनलाईन घटना दर्ता यथाशिघ्र थालनी  गरिने छ।
- गाउँपालिका गतिविधि सम्बन्धमा चौमासिक र वार्षिक वुलेटिन प्रकासन गरिने छ।
- लेखा, पञ्जिकरण, कर, लगाएत गाउँपालिकालाई आवश्यक पर्ने सफ्टवयर जडान गर्ने कार्यलाई तदारुकता दिईने छ।
- वेरोजगार युवाजनशक्तिलाई शिपमूलक स्वयं रोजगार बनाउन प्रत्येक वडा १०/१० जना युवालाई रोजगार तालिम प्रदान गरिने छ।
- गाउँपालिका भित्र संचालन हुने खेलकुद तथा सांस्कृतिक क्रियाकलापलाई प्रोत्साहन हुने गरि कार्यक्रम संचालन गरिने छ।
- मादक पदार्थ (गाँजा, रक्सी, चुरोट) नियन्त्रण गर्न युवा लक्षित सडक नाटक लगाएत चेतनामूलक कार्यक्रममा जोड दिईने छ।
- गाउँपालिका भित्र संचालित योजना तथा कार्यत्रक्रको नियमित रुपमा अनुगमन तथा मुल्यांकन गरिने छ।

यस संस्थातग विकास तथा सेवा प्रवाह समितिसँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न चालु आ.व. मा रु.८ करोड १२ लाख ६८ हजार वजेट प्रस्ताव गरिएको छ।

**६. वित्तिय व्यवस्थापन र सुशासन :**

**१. राजश्व परिचालन तर्फ :**

- स्थानीय निकायको ऐन प्राप्त भयपछि यथाशिघ्र गाउँपालिकाले लगाउने करका सम्बन्धमा पूर्ण र दीर्घकालीन निति  तर्जुमा गरिने छ।
- कर अनिवार्य दायित्व हो तिर्नुपर्ने भन्ने (धारणा) चेतना तल्लो जनस्तर सम्म पुऱ्याईने छ।
- कर संकलन छिटो छरितो सरल हुनेगरि software Develop गर्ने कार्यमा जोड दिईने छ।
- संकलित कर तथा सवै आर्थिक कारोवारको सुरक्षित व्यवस्थापनको लागि कम्तीमा १ वटा वैंक गाउँपालिकामा राख्ने गरि पहल गरिने छ।
- समयमा कर नतिंनेलाई थप जरिवाना र दण्डित गरिने छ।
- केन्द्रिय अनुदान र आन्तरिक आय क्षमता ७५/२५ प्रतिशतको रेसियोमा पुऱ्याउने लक्ष्यका साथ कर निति, रणनिति र दायराको खोजि गरिने छ।

- राजश्व परिचालनलाई प्रभावकारी वनाउन राजश्व शाखाको व्यवस्था गरि संस्थागत सुदृढिकरणका लागि आवश्यक श्रोत साधनको प्रवन्ध मिलाईने छ ।
- करको दायरामा चल्ने तथा गा.पा.लाई वढी कर तिर्ने व्यक्ति वा संस्थालाई सम्मान गरिने छ ।

**२. वित्तिय अनुशासन र सुशासन तर्फ :**

- साविकका गाविस, हालका वडा कार्यालयले वैंक खाता खोली जम्मा गरेको विपद् व्यवस्थापन कोष, स्थानीय विकास कोष अन्तर्गत विउ पुँजिरकम प्राप्त गरि ऋण लगानि गरेको रकम, कर्मचारी कल्याणकोष लगाएत विभिन्न वचत तथा मुद्धति खातामा रहेको रकम गाउँपालिका मातहत ल्याई तत् कार्यको नयाँ कोष खडा गरि संचालन सम्बन्धमा आवश्यक निर्णय लिईने छ ।
- गाउँपालिकालाई दीर्घकालिन आर्थिकभार तथा दायित्व वृद्धि हुने गरि तथा वार्षिक प्रशासनिक तथा चालु प्रकृतिका खर्च बढ्ने गरि कुनै पनि नीति तथा निर्णय लिईने छैन ।
- आर्थिक ऐन र खरिद ऐनको अधिनमा रहि उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्ने तर्फ जोड दिईने छ ।
- बेरुजु तथा पेश्कीलाई निरुत्साहित गरि आर्थिक पारदर्शिता कायम गर्न काम सम्पन्न भएको आधारमा मात्र भुक्तानी दिने गरि पेश्की नियन्त्रण गरिने छ ।
- साविकका वडाकाको पेश्की फछ्यौटमा वडा मार्फत ताकेता गरिने छ ।
- लैंगिक उत्तरदायि वजेट निर्माणमा  जोड दिईने छ ।
- संगठनात्मक सुशासन एवं कार्यालय संचालनलाई व्यवस्थीत गर्न यसै आ.व. देखि गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरु र विद्यालयहरुमा समेत विद्युतीय हाजिरी (E-attendence ) परिपाटीको थालनी गरिनेछ ।
- उपभोक्ता समितिबाट संचालन हुने आयोजनाको गुणस्तर कायम राख्न उपभोक्ता समितिको क्षमता विकासमा जोड दिईने छ ।
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्दै लगिनेछ ।
- अनुगमन तथा मूल्यांकन प्रणालीलाई नियमित, भरपर्दो र नतिजामूलक (Result based) वनाई विकास कार्यक्रम तथा योजना कार्यान्वयन पक्षलाई थप प्रभावकारी वनाईनेछ ।

यस सेवा प्रवाह एवं सुशासन समितिसँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न चालु आ.व. मा रु. करोड ४९ लाख ६० हजार वजेट प्रस्ताव गरिएको छ ।

८. नेपाल सरकारसँग माग गर्ने सियारी गाउँपालिकाका गौरवका आयोजनाहरु र गाउँपालिकाको श्रोत तथा क्षमताले धाम्न नसक्ने अनुसूचीमा उल्लेखित योजनाको हकमा नेपाल सरकार समक्ष माग गर्ने गरि प्रस्ताव गरिनेछ ।

श्रद्धेय उपस्थित अध्यक्ष लगायत सदस्यज्यूहरु :

प्रस्तुत नीति कार्यक्रम तथा वजेटको कार्यान्वयनबाट सियारी गाउँपालिकाको सामाजिक आर्थिक भौतिक पूर्वधारको विकास तथा वातावरण संरक्षण संवर्द्धन मार्फत स्थानीय स्तरमा रोजगारी अभिवृद्धि तथा आय आर्जनको यथोचित वातावरण सृजना भई समग्र गाउँपालिकाको वहुआयमिक गरीवी न्यूनीकरणमा योगदान पुग्नेछ ।
प्रस्तावित वजेट तर्जुमा गर्दा केन्द्रिय निर्देशन तथा वजेट सिलिङ गाउँपालिकाको प्राथमिकता क्षेत्रहरु र सहभागितामूलक योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्ने प्राप्त भएका योजना तथा गाउँपालिका स्तरीय राजनैतिक दलका प्रमूख तथा प्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी संघ संस्था एवं नागरिक समाजका प्रतिनिधि

तथा आम जनसमूदायबाट प्राप्त हुन आएका अमूल्य सल्लाह, सुझावहरुलाई उपलब्ध साधन, श्रोतको सिमाको परिधि भित्र रही समेट्ने गरिएको छ ।

श्रद्धेय उपस्थित महानुभावहरु :
९. माथि उल्लेखित योजना कार्यक्रमहरुको कार्यान्वयनका लागि अनुमानित वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी अ.व.मा गाउँपालिकाको कुल अनुमानित वजेट रु.३१ करोड २० लाख ६६ हजार रहेको छ । जसमा चालु तथा प्रशासनिक रु.......१३.......करोड...२५....लाख छ भने कार्यक्रमहरु तथा पूँजीगत तर्फ रु....१७.....करोड.....९५......लाख......६६.......हजार रहेको छ । जस मध्य चालु तथा प्रशासनिक र पूँजीगत तथा कार्यक्रम वजेट क्रमशः रहेको छ ।

१०. अव म सियारी गाउँपालिकाको अनुमानित क्षेत्रगत एवं विषयगत वजेटको संरक्षित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.स. | विषयगत समितिहरु | कार्यक्रम तथा पूँजीगत वजेट | चालु तथा प्रशासनिक वजेट | जम्मा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास समिति | 7871000 | 1527000 | 9398000 |
| २ | सामाजिक विकास समिति | 41535000 | 79205000 | 120740000 |
| ३ | पूर्वाधार विकास समिति | 92950000 | 0 | 92950000 |
| ४ | वतावरण तथा विपद व्यवस्थापन समिति | 2750000 | 0 | 2750000 |
| ५ | संस्थागत विकास समिति | 29500000 | 51768000 | 81268000 |
| ६ | सेवा प्रवाह र सुशासन समिति | 4960000 | 0 | 4960000 |
| ७ | जम्मा | 179566000 | 132500000 | 312066000 |

११. वस्ती वडा विषयगत एकिकृत योजना समिति सहित गाउँ कार्यपालिकाबाट पास भएका योजनाको विवरण अनुसूचीमा भए बमोजिम छलफल र स्वीकृतिका लागि अनुरोध गर्दछु ।

१२. अन्त्यमा हामीलाई निर्वाचित गरी यो भूमिकामा पुऱ्याउने तथा विकास प्रेमी आम नागरिक, राजनीतिज्ञ, वौद्धिक वर्ग र समाज सेवीहरुको व्यापक सहभागिता र परामर्शमा समस्त आर्थिक, सामाजिक, भौतिक तथा वातावरणीय विकासमा साझा सहमतिको प्रतिवद्धताका साथ गाउँकार्यपालिकाबाट पारित भएको प्रस्तुत वजेट पारित र कार्यान्वयनमा सकृय सहभागी भई दिनुहुन श्रद्धेय अध्यक्ष ज्यू लगायत सवै गाउँसभाका सदस्य ज्यूहरु कर्मचारी मित्र, संघ संस्थाहरुलाई सृजनात्मक, सकरात्मक, रचनात्मक सहयोगको लागी अनुरोध गर्दै म राजनीतिक दल एवं सरोकारवाला समूदायको साझेदारी सहकार्य र समन्वयको उद्देश्यमूखी अर्थपूर्ण प्रयत्न उपयुक्त मार्ग हो भन्ने भनाइका साथ सदस्य ज्यूहरुको ओजपूर्ण एवं गरिमामय सहभागिता र छलफलबाट यो वजेट पास गर्नु हुने छ भन्ने अपेक्षा र छलफलमा सहभागिताको लागी अनुरोध गर्दै सम्पूर्ण प्रति आभार प्रकट गर्दै विदा हुन चाहन्छु ।
धन्यवाद ।

उपाध्यक्ष
वजेट तथा कार्यक्रम तर्जुमा समिति
संयोजक